# २० थान Branded Note Sorting Machine खरिदसम्बन्धी राष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना

**(प्रथमपटक सूचना प्रकाशित मिति : २०७४।०१।०३)**

यस बैंकको लागि आवश्यक २०(बीस) थान Branded Note Sorting Machine बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा उक्त सामान आपूर्ति गर्नसक्ने इच्छुक फर्म/कम्पनी/अधिकृत बिक्रेताहरूबाट निम्न सर्तहरूको अधीनमा रही तोकिएको म्यादभित्र बोलपत्र पेस गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

१. यस बैंकको थापाथलीस्थित शाखा कार्यालयमा आम्दानी अन्य शीर्षकको हिसाब नं. ९५९९०२०००मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रू. ३,०००/-(अक्षरेपी रू. तीन हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर विभागमा पेस गरेपछि २० थान Branded Note Sorting Machine खरिदसम्बन्धी बोलपत्र कागजात प्राप्त गर्न सकिनेछ। बोलपत्र कागजात यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिन अर्थात् २०७४।०२।०१को कार्यालय समयभित्र खरिद गरिसक्नुपर्नेछ र ३१ औं दिन अर्थात् २०७४।०२।०२गते दिनको १२:०० बजेसम्ममा बोलपत्र दाखिला गरिसक्नुपर्नेछ. सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिनेछ। तर निजहरूको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

२. बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्तबमोजिमको समयमा नै बोलपत्र दर्ता वा खोल्ने कार्य हुनेछ। म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

३. बोलपत्र साथ फर्म, कम्पनी दर्ता, VAT/PAN दर्ता एवम् पछिल्लो आर्थिक वर्षको कर चुक्ता वा म्याद थप गरेको प्रमाणपत्रहरू नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि पेस गर्नुपर्नेछ। कम्पनी (प्रा.लि./लि.)को हकमा प्रबन्धपत्र, नियमावली, अध्यावधिक गरेको शेयर दर्ता किताबको स्रेस्ता, साझेदार, सञ्चालक, प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाणपत्रहरूको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्र कागजातका साथ पेस गर्नुपर्नेछ। विगत तीन आर्थिक वर्षको लेखा परीक्षण गरिएको प्रतिवेदन (नाफा/नोक्सान, नगद प्रवाह तथा वासलात)को विवरणसमेत नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्रसाथ पेस गर्नुपर्नेछ। साथै बोलपत्रदाताले खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र पेसा वा व्यवसायसम्बन्धी कसुरमा आफूले सजाया नपाएको भनी लिखितरूपमा स्वयम् घोषणा गरिएको पत्र (Self Declaration letter) समेत पेस गर्नुपर्नेछ।

४. बोलपत्रदाता Authorized agent/dealer/supplier भएको खण्डमा बोलपत्रदातालाई निर्माता कम्पनीले प्रदान गरेको agent/dealer/supplier को Authorized certificate (आधिकारीकपत्र) को सक्कलप्रति वा नोटरी पब्लिकबाट प्रमाणित गराई बोलपत्रसाथ अनिवार्यरूपमा संलग्न गर्नुपर्नेछ। प्रस्तावित सामानको Manufacturing Company ले जारी गरेको Catalogue/Brochure समेत बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

५. बोलपत्रदाताले बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारको कुनै पनि निकायहरूमा Branded Note Sorting Machine आपूर्ति गरेको अनुभवका साथै सोको आधिकारिक पत्रसमेत नोटरी पब्लिकबाट प्रमाणित गरी बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

६. कम्पनीको हकमा बोलपत्रमा सहभागी हुन तथा सो सम्बन्धी सम्पूर्ण काम कारबाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको सञ्चालक समितिको निर्णय अनिवार्यरूपमा बोलपत्रका साथ पेस गर्नुपर्नेछ। साझेदारी फर्मको हकमा साझेदारहरू बीच बोलपत्रमा सहभागी हुन जनाएको सहमतिपत्रका साथै बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राइटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी फर्म वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

७. बोलपत्र पेस गर्दा आफूले कबोल गरेको भ्याटसहितको कुल रकमको ५% बराबरको बोलपत्र जमानतबापतको रकम बैंकको अर्नेष्ट मनी शीर्षकको हिसाब नं. ९१६१२०००० मा जम्मा गरेको सक्कल अर्धकट्टीभौचर वा सो बराबरको मान्यताप्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंकबाहेक) बाट बोलपत्र पेस गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा १२० दिन अवधिको बोलपत्र जमानत (विड सेक्युरिटी/बैंक ग्यारेण्टी) अनिवार्यरूपमा पेस गर्नुपर्नेछ। बोलपत्रको मान्य अवधि बोलपत्र पेस गर्ने अन्तिम मितिबाट गणना हुने गरी ९० दिनको हुनेछ।

८. बोलपत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ। केरमेट भएको हुनु हुँदैन। कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ। कुनै सर्त राखेको वा दररेटसम्बन्धी अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ।

९. स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नु अघि न्यूनतम ३ वर्ष वारेन्टी वा निर्माता कम्पनीले दिएको वारेन्टी अवधि जुन बढी हुन्छ सोही अवधिको लागि कबोल गरिएको Branded Note Sorting Machine को कुल रकमको लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको दश प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको दश प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नुपर्ने। कार्य सम्पादन जमानत रकम जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंकबाहेक) बाट जारी भएको बैंक जमानत (परफमेन्स बण्ड) पेस गरेपछि मात्र सम्झौता गरी खरिद आदेस दिइनेछ।

१०. बोलपत्र कागजातमा समावेश भएको मूल्याङ्कन र योग्यताका आधारहरूमा उल्लेखित कागजातहरू अनिवार्यरूपमा पेस गर्नुपर्नेछ।

११. नेपाल सरकारको नियमानुसार लाग्ने कर, रिटेन्शनमनी (१०%) तथा अन्य प्रचलित करसमेत बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ। रिटेन्शन बापत कट्टा गरेको रकम फिर्ता सम्बन्धमा बैंकको आर्थिक प्रशासन विनियमावली २०६८ अनुरूप हुनेछ र कर बापतको रकम राजश्व खातामा जम्मा गरिनेछ।

१२. यो सूचनामा छुट हुन गएका अन्य सर्त एवं विषयहरू बोलपत्र कागजातमा उल्लेख भएअनुसार, खरिद ऐन २०६३ तथा बैंकको आर्थिक प्रशासन विनियमावली २०६८ अनुरूप हुनेछ। यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

१३) e-bidding को माध्यमबाट पनि बोलपत्र पेस गर्न सकिने सम्बन्धमा

क) e-bidding को माध्यमबाट बोलपत्र पेस गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल् www.bolpatra.gov.np मा bidder को रूपमा registration गरी सो पोर्टलको home page मा bidder को रूपमा login गरी प्राप्त निर्देशनानुसार बोलपत्रदाताले बोलपत्रमा भागलिन सकिनेछ।

ख) e-bidding को माध्यमबाट पनि बोलपत्र पेस गर्न चाहने बोलपत्रदाताहरूले बोलपत्रसाथ पेस गर्नुपर्ने कागजातहरू तथा बोलपत्र फारामबापत तिरेको दस्तुर भौचरसमेत scan गरी pdfformat मा www.bolpatra.gov.np को सम्बन्धित पेजमा upload गर्नुपर्नेछ।

ग) e-bidding बाट बोलपत्र पेस गर्दा पनि तोकिएको मिति र समयभित्रै बोलपत्र upload गरिसक्नुपर्नेछ र upload भएका बोलपत्रहरू पनि तोकिएकै मिति र समयमा खोलिनेछ। upload गरिएका कागजातहरूको सक्कलै प्रति बोलपत्र खोलेको ७ दिनभित्र बोलपत्रदाताले अनिवार्य पेस गर्नुपर्नेछ। साथै बोलपत्र खोल्ने दिन, समयमा e-bidding बाट बोलपत्र पेस गर्ने बोलपत्रदाताले सक्कल बैंक ग्यारेन्टी वा नगदजम्मा गरेको भए सक्कल भौचर अनिवार्य पेस गर्नुपर्नेछ।

घ) एकै बोलपत्रदाताले e-bidding को माध्यम वा सिलबन्दी बोलपत्र मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेस गर्न सक्नेछन्। यदि दुबै माध्यमको प्रयोग गरी बोलपत्र पेस गरेमा त्यस्तो दुबै बोलपत्र स्वतः रद्द हुनेछ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**

**केन्द्रीय कार्यालय**